## सर्वोच्च अदालतबाट जारी गरिएको प्रेस विज्ञप्ती

आज कान्तिपुर दैनिकमा यस अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री गोपाल पराजुलीका सम्वन्धमा प्रकाशित समाचार प्रति यस अदालतको गम्भिर ध्यानाकर्षण भएको छ।

न्यायपरिषद ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम सबै न्यायाधीशहरूको व्यक्तिगत अभिलेख राख्ने जिम्मेवार निकाय न्यायपरिषद सचिवालयका पदाधिकारीसंग सम्पर्क तथा सत्यताको पुष्टी नगरी उक्त समाचार प्रकाशन भएको कुरा न्यायपरिषद सचिवालयबाट आज जारी भएको प्रेस विज्ञप्तीबाट देखिएको छ। यसरी सम्वन्धित निकायबाट सत्य तथ्यको जानकारी नलिई प्रकाशन गरिने समाचारले न्यायालय तथा न्यायाधीश प्रति भ्रम सिर्जना गर्ने एवम् न्यायसम्पादनको कार्य समेत प्रभावित हुनजाने कुरामा गम्भिर हुनु जरुरी हुन्छ।

यसर्थ, आगामी दिनमा न्यायालय, न्यायाधीश तथा न्यायसम्पादनका विषयमा वास्तविकता यकीन गरेर मात्र सत्य तथ्ययुक्त समाचार प्रकाशन गरी स्वतन्त्र न्यायपालिकाको मर्यादा सम्वर्द्धन गर्न सम्वन्धित सबैमा अनुरोध गरिएको छ।

महेन्द्रनाथ उपाध्याय

प्रवक्ता

२०७४।१।११।२